# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

कमलपोखरी, काठमाडौं

### प्रेस विज्ञप्ति

आज मिति २०८१/१०/१४ गते लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरीमा सगठित संस्थाको पदपूर्ति प्रकृयालाई थप प्रभावकारी र मितव्ययी बनाउने सन्दर्भमा सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

आयोगबाट आयोजित उक्त कार्यक्रममा सम्बन्धित मन्त्रालयका सचिवहरु, ७१ वटा संगठित संस्थाका प्रमुख तथा मानव सशांधन प्रमुखहरु, सेवा आयोगका अध्यक्षहरु, पदपूर्ति समितिका प्रमुख लगायतको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रमको उद्घाटन सत्रमा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले उद्घाटन मन्तव्यमा लोक सेवा आयोगले परीक्षा सञ्चालन गर्नु पर्ने निकायहरुको संख्या बढोत्तरी हुँदै गएको, एकै परीक्षार्थीले विभिन्न संस्थामा एकै प्रकृतिको पदमा समेत अलग-अलग परीक्षा दिनु पर्ने अवस्था रहेको, समान पदमा एक संस्थाबाट अर्को संस्थामा अन्तर निकाय स्थानान्तरण गर्ने प्रवृत्ति बढ्दै गएका जस्ता कारणले संगठित संस्थाहरुको लिखित परीक्षा समय र लागतमा बढोत्तरी हुँदै गएको परिप्रेक्ष्यमा संगठित संस्थाहरुको परीक्षा प्रणालीमा समसामयिक सुधारको आवश्यकता रहेको विषय उल्लेख गर्दै एकीकृत परीक्षा प्रणाली, पूर्व योग्यता परीक्षा र समान पदमा अन्तर निकाय स्थानान्तरणलाई व्यवस्थित गर्न आवश्यक रहेको विचार व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा संगठित संस्थाको पदपूर्ति प्रकृयामा सुधार गर्ने सम्बन्धमा नेपाल सरकारका पूर्व सचिव विमलप्रसाद वाग्लेबाट कार्यपत्र प्रस्तुत गरिएको थियो। उक कार्यपत्रमा केन्द्रीत रही सुझावहरु पेश गर्न संगठित संस्थाहरुको कार्यप्रकृतिको आधारमा विभिन्न ९ (नौ) वटा समूहमा विभाजन गरी छुट्टा छुट्टै समूहबाट सुझाव सहित प्रस्तुत गरिएको थियो।

समूहगत प्रस्तुतीमा सहभागीहरुबाट समान प्रकृतिका संस्थाहरुलाई समूहीकृत गर्ने, धेरै उम्मेदवार हुने पदको हकमा पूर्वयोग्यता परीक्षा सञ्चालन गर्ने र एक संस्थामा कार्यरत कर्मचारीलाई समान तहको अर्को संस्थाको पदमा उम्मेदवार हुन नपाउने व्यवस्था मिलाउने लगायतका सुझावहरु दिएका थिए।

समूहको प्रस्तुती पश्चात कार्यक्रम समापन गर्दै लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीबाट उपर्युक्त ९ (नौ) वटै समूहबाट प्राप्त सुझावहरुको सम्बन्धमा आयोग परीक्षा प्रणालीमा सुधार गर्नेतर्फ केन्द्रीत रहेको, संगठित संस्थाहरुको परीक्षालाई मितव्ययी र कम समयमा सम्पन्न गर्ने तर्फ निरन्तर क्रियाशील रहेको र संगठित संस्थाहरुको परीक्षा प्रणालीमा सुधार गर्ने सम्बन्धमा सम्बन्धित संगठित संस्थाको भूमिका महत्वपूर्ण हुने र उक्त सुधार कार्यक्रममा आयोग सदैब सकारात्मक सहयोग र समन्वय गर्न तत्पर रहेको धारणा समेत व्यक्त गर्नु भएको थियो।

आयोगका माननीय सदस्य बीर बहादुर राईले उक्त कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो। कार्यक्रममा समग्र संगठित संस्थाको तर्फबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री अशोक कुमार पौडेलले आयोगबाट आयोजित कार्यक्रम एकीकृत परीक्षा प्रणाली लागू गर्ने विषयमा सबै संगठित संस्थाको सकारात्मक धारणा रहेको विचार व्यक्त गर्नु भएको थियो र अन्तमा आयोगका सचिव श्री डिल्लीराम शर्माले उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो।

गीताकुमारी होमेगाई
सहसचिव/प्रवक्ता

२०८१ साल माघ १४ गते, सोमबार
कमलपोखरी, काठमाडौं